नेपाल सरकार
उद्योग मन्त्रालय
सिंहदरवार, काठमाडौं

**सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना**

**(प्रथमपटक सूचना प्रकाशित मितिः२०७४/०८/१४**

यस मन्त्रालयको आर्थिक वर्ष २०७४/७५ को लागि आवश्यक पर्ने कार्यालय सामान खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ । दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म रु.१०००।-(एक हजार) (पछि फिर्ता नहुने गरी) तिरी आन्तरिक राजश्व कार्यालयबाट प्राप्त स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता एवं अद्यावधिक कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ निवेदन दिई यस मन्त्रालयको जिन्सी शाखाबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ । दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेसम्म यस मन्त्रालयमा नियमानुसारको जमानत साथ दर्ता गराइसक्नु पर्नेछ र परेका दरभाउ पत्र सोही दिन दिनको २:०० बजे खोलिने छ । यस सम्बन्धी विस्तृत विवरण मन्त्रालयको वेभ साइट www.moi.gov.np तथा मन्त्रालयको सूचना पाटीबाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।